मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

आज दधिकादः पृष्ठ २मा

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २७४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ ४ गते शनिवार (Saturday, August 20. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



# भद्रपुरको सेवा र विकास निर्माण प्रभावकारी भएन

## १६ करोड बढी बेरुजु

**झापा, भदौ ३।** भद्रपुर नगरपालिकाको विकास निर्माण र सेवा प्रवाह प्रभावकारी नभएको पाइएको छ । त्यसैगरी उक्त नगरपालिकाको असुली समेत लक्ष्य अनुसार नभएको र बेरुजुको स्थिति बढेर गएको पाइएको छ ।

नगर क्षेत्रभित्र आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने, जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने, स्थानीय सहभागिता जुट्ने स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम हुने खालका कार्यक्रम सञ्चालन गर्न नसकेको बताइएको छ । त्यस्तै नगरले स्थानीय स्रोतसाधन तथा सिपको अधिकतम् प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, दीगो विकास, वातावरण संरक्षण, सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गर्नुको सट्टा नगरमा वितरणमुखी कार्यक्रम सञ्चालन गरेको पाइएको हो ।

नगरभित्र सञ्चालित विकास योजनाको अनुगमन समेत प्रभावकारी ढंगले नभएको महालेखा परीक्षकको कार्यालय तथा प्रादेशिक लेखा परीक्षण निर्देशनालय प्रदेश १ले जनाएको छ । आर्थिक वर्ष २०७९को प्रतिवेदन सार्वजनिक गर्दै महालेखाले नगरमा आघिल्लो आर्थिक वर्ष २०७८/०७९मा बेरुजु ७ करोड ३८ लाख ९८ हजार रुपैयाँ रहेको जनाएको छ । सोमध्ये प्रक्रियाबाट ६१ लाख ५२ हजार रुपैयाँ फछ्र्यौट भएको र बाँकी ४६ लाख ६६ हजार रुपैयाँ कागजात पेश गर्नुपर्ने जनाएको छ । प्रमाण कागजात पेश गर्ने १ करोड १२ लाख १९ हजार, नियमित गर्नुपर्ने ३ करोड ४९ लाख ५६ हजार र पेश्की १ करोड ५८ लाख ९७ हजार रहेको प्रतिवेदनमा उल्लेख छ । पालिकाको गत वर्ष १२ करोड १८ लाख ३ हजार वेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र संपरीक्षणबाट फछ्र्यौट एवम् यस वर्ष कायम भएको वेरुजु समेत १६ करोड २९ लाख ३४ हजार रुपैयाँ पुगेको नायव महालेखा परीक्षक पद्मप्रसाद आचार्यले जानकारी दिए ।

पालिकाभित्र १७ पदमा अस्थायी दरवन्दी सृजना गरी ८६ जना कर्मचारी राखेर एक करोड ८५ लाख ८१ हजार ५ सय ५६ रुपैयाँ खर्च लेखेको र त्यसमध्येको ५० लाख ५७ हजार ३ सय ९० रुपैयाँ अनियमित देखिएको महालेखाले जनाएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ८३मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारवाट लिइने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर, भद्रपुर नगरपालिकाले विभिन्न १७ पदमा आफूखुशी कर्मचारी राखेको बताइएको छ ।




भद्रपुर नगरपालिकाले सिभिल इञ्जिनियर, सवइञ्जिनियर, अनमी, सहायक चौथो लगायत ७ पदमा १७ जना करारमा कर्मचारी नियुक्ति गरी अनियमित रुपमा तलब निकासा गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । नगरपालिकाले प्रतिष्ठानलाई दिएको पाँच लाख रुपैयाँ समेत वेरुजु देखिएको छ । पालिकाले द्रोर्णाचार्य स्मृति प्रतिष्ठान झापालाई अघिल्लो आर्थिक वर्ष पाँच लाख रुपैयाँ प्रदान गरेको थियो । सो रकमलाई महालेखाले वेरुजु देखाएको हो ।

निजी सचिवको तलव पनि बेरुजु देखिएको छ । गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन २०७५ (पहिलो संशोधन) को दफा ३ (३)मा नगरपालिकाका प्रमुख र उपप्रमुखले राजश्व र आन्तरिक आय एवम् कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था छ । तर, पालिकाले दुई जना कर्मचारीलाई निजी सचिवमा नियुक्त गरी ७ लाख ११ हजार ८ सय ६० रुपैयाँ भुक्तानी गरेको छ । यो नियम संगत नभएको महालेखाले जनाएको छ । पालिकाले एक जना मात्र निजी सचिव राख्न सक्ने र निकासा गरेको तलव मध्ये ३ लाख ५५ हजार ९ सय ३० रुपैयाँ वेरुजु रहेको बताइएको छ ।

**नगर प्रमुख र उपप्रमुखलाई सञ्चार खर्च फिर्ता गर्न निर्देशन**

तत्कालीन भद्रपुर नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठ र चन्द्रमाया श्रेष्ठले दोहोरो सञ्चार सुविधा लिएपछि महालेखाले दोहोरो सञ्चार खर्च असुल गर्न निर्देशन दिएको छ । तत्कालीन नगर प्रमुख र उपप्रमुखले ५१ हजार रुपैयाँ सञ्चार खर्चका नाममा रकम लिएको पाइएपछि सो रकम असुल गर्न महालेखाले निर्देशन दिएको हो । उनीहरुले २०७७ साल पुस ९ गतेदेखि २०७८ असार ३० गतेसम्ममा चार पटकमा ५१ हजार सञ्चार सुविधा लिएका थिए । सो रकम नगरपालिकाले गीतामाया

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'एमालेकै कारण प्रदेशको नामकरण अन्यौल'



**बिर्तामोड, भदौ ३।** प्रदेश नं. १ का सामाजिक विकास मन्त्री राजन राईले नेकपा एमालेका कारण प्रदेशको नामकरण गर्ने अवसर गुम्दै गएको बताएका छन् । उनले एमालेले पहिचानको मुद्दामा ढुल्मुले चरित्र प्रकट गरेको र प्रदेशको नामकरण गर्न तत्परता नदेखाएको बताए ।

नेकपा एकीकृत समाजवादी पार्टी निकट नेपाल किराँत राई संघ र नेपाल लिम्बू संघको केन्द्रीय भेलालाई सम्बोधन गर्दै उनले भने- आदिवासी जनजातिले पूर्वमा धेरै रगत बगाएको र क्रान्तिको नेतृत्व गरेकोले अब समाजवाद प्राप्त गर्न लाग्नुपर्छ ।

उनले केपी ओलीले सांसद बिघटनदेखि पार्टी फुटाउने खेल खेलेका कारण पार्टीवाट बिद्रोह गर्नु परेको उल्लेख गरे । ओलीले कम्युनिस्ट पार्टी सक्ने खेल खेलेको भन्दै उनले भने- ओलीले विवेक नगुमाएको भए यो दिन आउने थिएन ।

केन्द्रीय भेलाले नेपाल किराँत राई संघ र नेपाल लिम्बू संघ, नेपाल मेचे संघको केन्द्रीय समिति घोषणा गरेको थियो । भेलाले किराँत राई संघको अध्यक्षमा केशर चाम्लिङ राई, लिम्बू संघको केन्द्रीय अध्यक्षमा काजीमान पङ्धाक र मेचे संघ को अध्यक्षमा भोलानाथ मेचेलाई चयन गरेको छ ।

सो भेलालाई पार्टीका केन्द्रीय सदस्य शारदा शर्मा घिमिरे, जनजाति महासंघका महासचिव चन्द्र तामाङ, पार्टीका तेह्रथुम जिल्ला कमिटी अध्यक्ष कृष्ण चोङ्वाङ, जनजाति महासघका उपमहासचिव बज्रकुमार राई, पार्टीका झापा जिल्ला अध्यक्ष वेदराज रेग्मीले मन्तव्य राखेको पार्टी जिल्ला प्रचार विभाग प्रमुख तीर्थ सिग्देलले जानकारी दिए ।

## खोलामा डुबेर दुई जनाको मृत्यु

**बिराटनगर, भदौ ३।** उदयपुरको ताप्ली गाउँपालिका-१ स्थितमा खोलामा डुवेर एक जनाको मृत्यु भएको छ ।

भदौ १ गते ताप्ली-१ मादलेका ३५ बर्षीय नगेन्द्र राई यारी खोलामा जाल हाली माछा मार्न गएकोमा २ गते बिहान दहमा डुबी मृत अबस्थामा फेला परेको भनी जानकारी प्राप्त हुनासाथ घटनास्थलमा इलाका प्रहरी कार्यालय कटारीबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

## करेन्ट लागेर पाँच जनाको मृत्यु

**काठमाडौं, भदौ ३।** तराई मधेसका जिल्लामा अत्याधिकरूपमा गर्मी बढेको छ । पानी परेको छैन, तापक्रम दिनदिनै बढ्दो छ ।

यसले मधेसमा गर्मी असह्य बनेको छ । बिहानैदेखि लाग्ने चर्को घामले जनजीवन कष्टकर बनाएको छ । उखरमाउलो गर्मीले शहर-बजारमा दिउँसो चहलपहल पातलिएको छ । गर्मी यति बिघ्न छ कि पङ्खाबिना एकै क्षण बस्न नसकिने भएको छ ।

सप्तरीको बोदे बर्साइन नगरपालिका-३ मधुवनका रामअशिष यादवका छोरा १८ वर्षीय रामनरेश यादव शुक्रवार घरबाहिर निस्कन सकेनन् । टन्टलापुर घाम र गर्मीका कारण घरबाट बाहिर निस्कन नसकेका उनी हावा खान घरकै बरन्डामा बसे । असह्य गर्मीका कारण टेबल पङ्खा राखेर हावा लिन थाले । अचानक हातले पङ्खामा छुन पुगेका रामनरेश करेन्ट लागेर घाइते भए । घाइतेलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइयो । चिकित्सकले ढिला भएको भन्दै मृत घोषणा गरे ।

करेन्ट लागेर सप्तरीमा योसमेत नयाँ आर्थिक वर्षमा मृत्यु हुनेको संख्या पाँच पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । साउन १८ गते कञ्चनरूपमा बुहारीलाई करेन्ट लागेको देखेर जोगाउन जाँदा ससुरासमेतको मृत्यु भएको सप्तरीवासीले बिर्सिएका छैनन् । कञ्चनरूप नगरपालिका-६ घोघनपुरका नरेश सरदारकी श्रीमती २० वर्षीया अञ्जली सरदारलाई करेन्ट लागेको देखेर जोगाउन गएका उनका काका ससुरा ४० वर्षीय मधु भनिने सौदानन्द सरदारको समेत मृत्यु भएको थियो । घर आँगनमा रहेको ट्युबवेलमा जडान रहेको पानी तान्ने मोटर चलाउँदा अञ्जलीलाई करेन्ट लागेको थियो ।

यसैगरी सप्तरीको राजगढ गाउँपालिका-२ कमलपुर बस्ने दुखी साहका छोरा ५६ वर्षीय शिवशङ्कर साहको समेत साउन १७ गते करेन्ट लागेर मृत्यु भएको थियो । आफ्नै घरको आँगनमा रहेको चापाकलमा जडान गरिएको मोटरमा पानी तान्ने क्रममा करेन्ट लागी उनको मृत्यु भएको हो । खडक नगरपालिका-११ लालपुरमा साउन ९ गते खेतमा सिन्चाइ गर्नका लागि जडित मोटर खोल्ने क्रममा करेन्ट लागेर ६० वर्षीय शत्रुघ्न खङ्ग मण्डलको ज्यान गयो ।

लापरवाहीकै कारण सप्तरीमा गत एकवर्षको अवधिमा करेन्ट लागेर १२ जनाले अकालमा ज्यान गुमाएका छन् । यो वर्षको शुरुवातमै पाँच जनाको करेन्ट लागेर मृत्यु भइसकेको सप्तरी प्रहरीले जनाएको छ ।

आर्थिक वर्ष २०७८/०७९को तथ्याङ्क हेर्दा करेन्ट लागेर ज्यान गुमाउनेको संख्या १२ र घाइते हुनेको संख्या २६ जना रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएको छ । ज्यान गुमाउनेमा चार महिला,

*(बाँकी अन्तिम पृष्ठमा)*

कक्षा १२ नतिजा भदौ १५ सम्ममा

# ३५% भन्दा कम ल्याए पुनः परीक्षा

**काठमाडौं, भदौ ३।** जेठको १६ गतेदेखि भएको कक्षा १२ को वार्षिक बोर्ड परीक्षाको परीक्षाफल भदौ १५ गतेसम्ममा गर्ने गरी काम भइरहेको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिएका छन् ।

यसपालिको नतिजामा विद्यार्थीहरूले विगतमा जस्तै लेटर ग्रेडिङ अनुसारको परीक्षाफल प्राप्त गरे पनि नन-ग्रेडिङ समेत हुने र त्यस्तो भएमा विद्यार्थीले पुनः परीक्षा दिनुपर्ने नियम लागू भएको उनले बताए ।

**के हो नन-ग्रेडिङ ?**

परीक्षामा निश्चित प्रतिशत अङ्क आउँदा ए प्लस, ए, बी, सी, डी जस्ता ग्रेड वर्गीकरण गरेर नतिजा दिइने प्रणालीलाई लेटर ग्रेडिङ भनिन्छ । तर कुनै विषयमा ३५% भन्दा कम अङ्क आएमा त्यसलाई ग्रेड दिइँदैन र नन-ग्रेडिङ हुन्छ । नन-ग्रेडिङ पाएका विद्यार्थीले पुनः बोर्ड परीक्षा दिनुपर्नेछ- शर्माले भने ।

यसअघिका १२ कक्षा परीक्षामा 'कट-अफ' विन्दु थिएन । तर यसपालिदेखि कक्षा १२ मा नयाँ पाठ्यक्रम लागू भएको र त्यसै बमोजिम ग्रेडिङ प्रणाली समेत फेरबदल भएको अधिकारीहरूले बताएका छन् । डी भन्दा मुनि एनजी वा नन-ग्रेडेड अङ्क दिइन्छ । नन-ग्रेडेड विद्यार्थीले शैक्षिक प्रमाणपत्र पाउँदैनन्- उनले भने ।

**नन-ग्रेडेड अंक आएमा के गर्ने ?**

यसपालि कक्षा १२ को बोर्ड परीक्षामा ४ लाख १० हजार विद्यार्थी सहभागी भएका थिए । परीक्षा नियन्त्रक कृष्ण शर्माका अनुसार ती परीक्षार्थीमध्ये दुई विषयसम्म एनजी आएमा ग्रेड वृद्धिका निम्ति मौका परीक्षा यही वर्ष दिन पाइनेछ । परीक्षाफल आएको डेढ महिनापछि त्यस्तो मौका परीक्षा दिन पाइन्छ । मौका परीक्षा दिँदा कम्तीमा एउटामा एनजी कटाएमा अर्को वर्षको वार्षिक परीक्षामा बाँकी एउटामात्र विषयमा जाँच दिन पाइन्छ । त्योबेला पनि फेरि एनजी आयो भने अर्को वर्ष पूरै विषयको जाँच दिनुपर्छ- उनले भने । एनजी भनेको फेल भएको रूपमा बुझ्नु पर्ने उनले बताए । यसअघि एनजी दिने चलन थिएन । बरु ई ग्रेड दिइन्थ्यो ।




विद्यालय शिक्षाका जानकार धनञ्जय शर्मा नयाँ नियमलाई निको मान्दैनन् । विगतमा एसईईमा पनि उसैगरी फेल गराउने नियम ल्याइन लागेको तर त्यसले धेरैलाई असर पर्ने देखेर बोर्ड पछि हटेको उनी ठान्छन् । तर, कक्षा १२ मा चाहिँ फेरि उही नियम ल्याउनु युक्तिसङ्गत नहुने उनले बताए ।

कोभिडका कारण बालबालिकाको पढाइ तथा सिकाइ कम भयो भन्ने छ । फेरि अब फेल भइँदैन भन्ने मनोविज्ञान बालबालिका तथा अभिभावकमाझ भएको बेला यसरी एनजी भनेर फेल गराइदिनु ठीक लागेको छैन- उनले भने । महामारीका कारण गत वर्ष पनि कैयन् विद्यालयहरूमा पाठ्यक्रम सिध्याउनै चापाचाप परेको थियो । यसै पनि कम ग्रेड ल्याउनेले माथिल्लो कक्षामा भर्ना नपाउने हुनाले फेल नै गराउनु आवश्यक नभएको भन्दै उनले यो निर्णयले बालबालिकाहरूको मनोविज्ञानमा नकारात्मक असर पर्ने बताएको वीवीसीले उल्लेख गरेको छ ।

## कपडा बरामद

**भद्रपुर, भदौ ३।** भद्रपुरबाट प्रहरीले भन्सार छलेर ल्याइएको कपडा बरामद गरेको छ । वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको टोलीले भद्रपुर-६स्थित भानु चोकबाट एक लाख मूल्य बराबरको कपडा बरामद गरेको हो ।

प्रहरी स्रोतका अनुसार काँकरभिट्टा नाकाबाट अवैध रुपमा भन्सार छलेर भित्र्याइएको सो सामान भद्रपुर ल्याउन खोजिएको थियो । काँकरभिट्टाकी सीता नामक एक महिलाले सो सामान मारुती भ्यानमा भद्रपुरसम्म पठाएको बताइन्छ । भद्रपुर आइपुगेपछि मारुती भ्यानका चालक भद्रपुर-५स्थित जनता चोक नजिकै एउटा अटो चालकलाई सो सामान जिम्मा लगाएर फर्किए । भ्यान चालकले अटो चालकलाई सामान पुऱ्याए बापत तीन सय रुपैयाँ दिएको थियो । प्रहरीले अटोबाटै शङ्का लागेर सो सामान बरामद गरेको हो । कालो नम्बर प्लेट र त्यसमाथि भाडा तिरेर सामान ल्याउने अटोलाई प्रहरीले छाडेर सामान मात्र भद्रपुर भन्सार कार्यालय बुझाइसकेको छ । कपडाको पोकामा 'चिन्नु भद्रपुर' भनेर लेखिएको छ ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-६स्थित पिङ्की ठ्याकमा नेपालबाट भारततर्फ अवैध रुपमा लैजाँदै गरेको १४० केजी सुपारी बरामद गरेको छ । बरामद गरिएको सुपारीको मूल्य ८५ हजार रहेको छ । सुपारीलाई मेची भन्सार काँकरभिट्टा बुझाइएको प्रहरीले जनाएको छ ।

## निर्वाचनको तयारीमा जुट्न ओलीको निर्देशन



**झापा, भदौ ३।** तीनदिने झापा र इलामका विभिन्न कार्यक्रमका लागि विहीवार झापा आएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली शुक्रवार दिनभर व्यस्त रहे ।

इलामको चुलाचुली र झापाका विभिन्न कार्यक्रममा सहभागी बनेका ओलीले चुनाव लक्षित सम्बोधन गरेका छन् । अध्यक्ष ओलीले दमकमा मजदुरहरुको कार्यक्रमलाई सम्वोधन गर्दै राजनीतिक परिवर्तनका आन्दोलनहरु पूरा भए पनि राष्ट्रियताका लागि क्रान्ति जारी रहेको बताएका छन् । उनले आगामी निर्वाचनबाट एमालेको नेतृत्वमा सरकार सञ्चालन हुने गरी तयारीमा जुट्न कार्यकर्ताहरुलाई निर्देशन समेत दिएका

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र**
**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

## पत्रकार खरेललाई पितृशोक



**झापा, भदौ ३।** पत्रकार महासंघ झापाका सदस्य तथा पूर्वाञ्चल दैनिकका स्तम्भकार तथा पत्रकार तीर्थराज खरेललाई पितृशोक परेको छ।

खरेलका बुबा कनकाई नगरपालिका-४ निवासी ईश्वरीप्रसाद खरेलको ८२ बर्षको उमेरमा शुक्रवार बिहान निवासमै निधन भएको हो। लामो समयदेखि दम रोगबाट पीडित खरेललाई यसअघि बिर्तामोडस्थित पूर्णटुंग बिर्तासिटी हस्पिटल हुँदै विराट नर्सिङ होममा राखिएको थियो। विहीवार राति अवेर घर ल्याइपुऱ्याएका खरेलको शुक्रवार बिहान निधन भएको बताइएको छ। १९९७ साल कात्तिक २० गते खरेलको जन्म भएको थियो। उनी सफल कृषकका रुपमा परिचित थिए।

खरेलकी श्रीमती राधिकासहित तीन छोराबुहारीहरु तीर्थराज-संगीता, ईन्द्रप्रसाद-विष्णुमाया, भूमिप्रसाद-दुर्गा खरेल रहेका छन्। एक छोरी उषा (हुमा अधिकारी) र ज्वाइँ किरण अधिकारीसहित खरेलका चार नाति र तीन नातिनी रहेका छन्। खरेलका जेठा छोरा तीर्थराज पत्रकारसँगै कनकाई माध्यमिक विद्यालय सुरुङ्गाका सहायक प्रधानाध्यापक हुन् भने युनिक बहुमुखी क्याम्पसका सञ्चालक समिति अध्यक्ष तथा कनकाई सुरुङ्गा प्रेस क्लबका संस्थापक अध्यक्ष समेत रहेका छन्। उनी विभिन्न सहकारी संस्थामा आवद्ध छन्। खरेलका माइँला छोराबुहारी बेलायतमा रहेका छन्। कान्छा छोरा भूमिप्रसाद डावर प्राइभेट लिमिटेडका विक्री प्रतिनिधिका रुपमा कार्यरत छन्।

## भोजपुरका किसानको रोजाइमा सतुवा खेती

**भोजपुर, भदौ ३।** बहुउयोगी मानिने जडीबुटी सतुवा खेती भोजपुरका किसानको रोजाइमा परेको छ। शक्तिबर्द्धक जडीबुटी मानिने सतुवा खेतीप्रति यहाँका किसान आकर्षित भएका हुन्।

सतुवाको खेतीमा यहाँका तीन सय बढी किसान आबद्ध छन्। पछिल्लो मूल्यमा केही गिरावट आए पनि किसानमा यसको खेतीप्रतिको आकर्षण उस्तै रहेको छ। एक हजार चार सय मिटर उचाइभन्दा माथि पाइने यो जडीबुटी धेरै रोगको लागि उपयोगी मानिन्छ। सतुवा यार्सागुम्बाजस्तै शक्तिबर्द्धक हुने व्यवसायीले बताउने गरेका छन्।

केही वर्ष अगाडिसम्म प्रतिकेजी रु. १८ देखि २० सम्ममा बिक्री भएको भए पनि पछिल्लो समयमा मूल्यमा केही गिरावट आएको किसान बताउँछन्। अहिले पनि प्रतिकेजी पाँचदेखि सात हजारसम्म बिक्री हुने षडानन्द नगरपालिका-१० तीनतलेका कृषक पेमदोर्ची शेर्पाले बताए। सतुवा खेती आम्दानीको राम्रो स्रोतको रुपमा स्थापित भएको छ- उनले भने- विगतमा मूल्य धेरै राम्रो थियो। अहिले मूल्यमा केही कमी आएको छ तर किसानको यसप्रतिको आकर्षण घटेको छैन।

केही वर्ष अघिसम्म यस क्षेत्रका किसानले एक पटकमा १० मनसम्म सङ्कलन गरेर बिक्री गरेको किसान शेर्पाले बताए। यहाँका सबै ३७ घरपरिवारले सतुवाको खेती गरिरहेको उनले जानकारी दिए। उनले आफ्नो पाँच रोपनी क्षेत्रमा सतुवाको व्यावसायिक खेती गरिरहेको बताए। उनले भने- मैले पाँच रोपनी क्षेत्रमा



खेती गरिरहेको छु। मेरो फर्ममा अहिले करिब दुई मनको हारहारीमा उत्पादन भएको छ। यसलाई एक मुष्ट बिक्री गर्ने हो भने पाँचदेखि छ लाखसम्म आम्दानी हुन्छ। यो घाँटी दुखेको, सर्पले टोकेको र मानिसले विषसेवन गरेको बेलामा प्रयोग गर्न सकिने बहुउपयोगी जडीबुटी रहेको किसान बताउँछन्।

त्यस्तै यो क्यान्सर, ग्याष्टिक, पेट दुख्ने, पोलेको, काटेको घाउ, पाकेको घाउ, बान्ता वा पखालालगायत रोगका लागि उपयोगी हुने किसानको भनाइ छ। प्रायः एउटा बोटबाट एउटामा मात्र डाँठ निस्कने भए पनि फस्टाएको बोटले १६ वटासम्म डाँठ हानेको यहाँस्थित तिम्माका किसान मानबहादुर राईले बताए। उनले भने- मैले यसको १० वर्षबाट व्यावसायिक खेती गरिरहेको छु। खासमा धेरै ठाउँमा प्रायः एकदेखि दुई वटासम्म डाँठ आएको हुन्छ तर मेरो फर्ममा लगाएको सुतवामा १६ सम्ममा डाँठ पलाएको छ। मैले दुई सय ग्रामसम्मको सुकेको सुतवा फलाएको छु। सायदै यस्तो ठूलो सुतवा कम फलेको पाइन्छ।

राम्रो ढङ्गले खेती गर्नसके थोरै जमिनबाट पनि राम्रो आम्दानी लिन सकिने किसान खड्गबहादुर राउतको भनाइ छ। आफूले दुई रोपनी क्षेत्रमा खेती गरिरहेको भए पनि सतुवाको गाँनो, बिरुवाबाट बिक्री गरेर वार्षिक पाँचदेखि छ लाखसम्म आम्दानी लिने गरेको किसान राउतले जानकारी दिए। उनले भने- सतुवालाई राम्रो ढङ्गले स्याहार गरेर खेती गर्नसके जमिन पनि खास धेरै चाहिँदैन। थोरै जमिन भए पनि आम्दानी राम्रो हुन्छ। तर, पछिल्लो समय सतुवामा ढुसी लाग्नेलगायतको रोग देखिन थालेको किसान राउतको भनाइ छ। गानोमा समस्या नभए पनि बोट भने ढुसीले मर्ने गरेको उनको भनाइ छ।

बिरुवा उम्रिएको दुईदेखि तीन वर्षमा सतुवा फुल्छ। फुलेर दाना झरेपछि एउटै बोटबाट ५० देखि सयसम्म बिरुवा उत्पादन हुने किसानको भनाइ छ। यसको जमिनमुनिको गानो अदुवाजस्तै देखिन्छ। सबै पात सुरिलो डाँठको माथिल्लो भागबाट पलाएका हुन्छन्। यसको डाँठलाई तरकारीको रुपमा खादा मिठो हुने किसानको भनाइ छ। सतुवा विशेष गरेर सेपिलो भागमा फस्टाउँछ। यसको खेतीका लागि चिस्यान, ओसिलो र मलिलो माटो तथा उत्तर-पश्चिम फर्किएको भूगोलमा उपयुक्त हुने किसानले बताउने गरेका छन्। सतुवा विशेष गरेर बिक्रीका लागि भारत र चीन जाने व्यवसायी बताउँछन्। सरकारले बजारीकरणमा ध्यान दिए सतुवा खेतीबाट राम्रो आम्दानी लिन सकिने कृषक गुणराज राउतले बताए।

उनले भने- सतुवा खेतीबाट राम्रो आम्दानी लिन सकिन्छ। यसको बजार मूल्य अन्य जडीबुटीको तुलनामा राम्रो छ तर पछिल्लो समयमा आएर मूल्यमा केही गिरावट आएको छ। त्यही पनि अन्य बालीको तुलनामा बिरुवा तथा गानाको मूल्य धेरै राम्रो छ। त्यस्तै टेम्केमैयुङ गाउँपालिका-५ मझौलेका स्थानीय कृषक एकराज विष्टले पनि व्यावसायिकरुपमा सतुवाको खेती गरी रहेको बताए। किसान विष्टले करिब दुई रोपनी क्षेत्रमा खेती विस्तार गरेको जानकारी दिए।

सुतवा टेम्केमैयुङ गाउँपालिकाको वडा नं १ तिम्मा र वडा नं ५ को माथिल्लो भेग, भोजपुर नगरपालिका-२ हेलौछा, षडानन्द नगरपालिका- ९ किमालुङ, वडा नं-१० साम्पाङ, वडा नं १३ बोयाको माथिल्लो भेग र आमचोक गाउँपालिका-४ र साल्पासिलिछो गाउँपालिका-४ खाटम्मालगायतमा तीन सय बढी कृषकले व्यावसायिक खेती गर्दै आएका छन्।

जिल्लामा चिराइतो, सतुवा, सेतक चिनी, शक्ति गुम्बा, पदम चाल, वन मुला, वन लसुन, टिमुर, किम्बु, भुत्केस, बुढो ओखती, लोड सल्ला, विखुम्बालगायत जडीबुटी हुने गरेको छ। धेरै प्रजातिका जडीबुटी पाउने भए पनि पहिचान गर्न गाह्रो भएको तथा सोसम्बन्धी ज्ञानको अभावले त्यस्ता प्रजातिका जडीबुटीको खेती गर्न समस्या हुने गरेको किसान बताउँछन्।

## चट्याङ लागेर महिलाको मृत्यु

**सुनसरी, भदौ ३।** सुनसरीको इटहरी उपमहानगरपालिका-१७मा चट्याङले लागेर एक जना महिलाको मृत्यु भएको छ।

तीन बजे घर नजिकै रहेको खेतमा माछा मार्दै गरेको अवस्थामा अचानक चट्याङ लागेर घाइते भएकी स्थानीय २७ बर्षीय केसी रिषिदेवलाई उपचारको लागि एपेक्स अस्पताल इटहरी लगिएको थियो। उनको उपचार हुन नसकी मृत्यु भएको प्रहरीले जनाएको छ।

## आठ बर्षपछि महिला संघ अधिवेशन हुने

**झापा, भदौ ३।** आठ वर्षपछि अखिल नेपाल महिला संघ झापाको नवौं जिल्ला अधिवेशन हुने भएको छ।

अधिवेशनको उद्घाटन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गर्ने शुक्रवार बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो। अधिवेशन भदौ ४ र ५ गतेका हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने जिल्ला अध्यक्ष जसमाया गजमेरले बताइन्। दुई हजार महिलाको सहभागिता रहने सम्मेलनले १५१ सदस्यीय जिल्ला कमिटी गठन गर्ने र त्यसका लागि सर्वसम्मत प्रक्रिया अवलम्वन गरिने जनाइएको छ। अनेम संघकी केन्द्रीय सचिव मेनुका काफ्लेका अनुसार झापा जिल्ला कमिटीले योपटक पार्टी काम र महिला मुक्ति आन्दोलनमा लाग्दा जेल बसेका, हिरासतमा परेका र मरणासन्न हुने गरी यातना पाएका महिलालाई सम्मान गर्नेछ। सम्मेलनमा ४०१ महिला प्रतिनिधि रहेका छन्। क्षेत्रगत रुपमा आएका प्रतिनिधि अधिवेशनमा सहभागी हुनेछन्।

## युवायुवती मृत फेला

**झापा, भदौ ३।** एक जोडी युवायुवती बैतडीमा मृत फेला परेका छन्। मृत फेला पर्नेमा जिल्लाको सिगास गाउँपालिका-५का २१ वर्षीय केशव दमाई र १८ वर्षीया रमिता विक रहेका बैतडीका प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिए।

उनीहरू दुवै जना चिउरीको रुखको एउटै हाँगोमा झुण्डिएको अवस्थामा फेला परेका हुन्। मृतक दुवै जनाको शव परीक्षणका लागि जिल्ला अस्पताल लगिएको छ। मृतक दुवैजना अविवाहित रहेका र प्रेम सम्बन्धमा रहेको हुनसक्ने अनुमान गरिएको छ। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

## ज्याकलिनबाट टाढिंदै बलिउड



बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिज यतिबेला करिअरमै ठूलो संकटको सामना गरिरहेकी छन्। प्रवर्तन निर्देशनालय (ईडी)ले २०० करोड भारुको मनी लाउन्डिङ मुद्दामा उनलाई अभियुक्तकै रुपमा पेश गरिसकेको छ।

यस्तोमा बलिउड फिल्म निर्माताहरुले ज्याकलिनलाई बहिष्कार गर्न थालेको संकेत देखिएको छ। बलिउड हंगामाले उल्लेख गरे अनुसार सुकेश चन्द्रशेखरसँगको मुद्दामा विवादित भइरहेकी ज्याकलिनलाई बलिउडले पूर्णतः बहिष्कार गर्ने ट्रेन्ड शुरु भएको छ।

खासगरी ईडीले अभियुक्तकै रुपमा ज्याकलिनको नाम राखेर आरोपपत्र तयार पारेपछि उनलाई थप संकट आउने अनुमान छ।

ज्याकलिनसँग विगतमा काम गरिसकेका एक निर्माताले नाम नबताउने शर्तमा भनेका छन्- 'ईडीको लगातारको ताकेतापछि ज्याकलिनले काम गुमाइरहेकी छन्। हालै रिलिज भएका उनका फिल्महरु बच्चन पाण्डे र विक्रान्त रोना पुराना फिल्म हुन्। उनको अश्चितता देखेरै होला कसैले पनि उनलाई नयाँ फिल्ममा लिएका छैनन्।'

अभियुक्तको रुपमा चार्जसिट तयार भए पनि ज्याकलिनको पक्राउको सम्भावना पनि बढेको छ। लगातारको समस्यापछि ज्याकलिन अब तत्काल समस्याबाट बाहिर आउने सम्भावना पनि छैन।

'यो साँच्चै दुःखद् छ। उनी धेरै राम्री केटी हुन्। आफू केमा फसेकी छु भन्ने कुरा थाहा नपाएर उनी फसेकी हुन्'- ज्याकलिनकी एक महिला सहकर्मी भन्छिन्।

## बक्सअफिसमा त्रिपक्षीय भिडन्त




नेपाली फिल्मबीच भीडन्त परम्परा नै बनेको छ। विदेशी फिल्मदेखि भाग्ने तर नेपाली फिल्मसँग भीड्न मुटु देखाउने निर्माताहरुका कारण वर्षेनि कयैन् फिल्मले हलबाट लगानीको एक तिहाईबाट पनि उठाउन सकेका छैनन्।

फिल्म जुध्दा दर्शक र हल दुवै बाँडिन्छ। तर, रिलिजअघि निर्मातालाई यसको कुनै पीर हुँदैन। जब फिल्म डुब्छ अनि फिल्म क्षेत्रलाई धारे हात लगाउँदै बस्छन्। एउटै मितिमा फिल्म जुध्दा निर्माता मालामाल भएका उदाहरण नेपाली फिल्मको ६० वर्षे इतिहासमा सम्भवतः सिला खोज्दा पनि भेटिन्न। तर पनि निर्माताहरु आफ्नै देशको फिल्मसँग जुध्न बाघको मुटु देखाउन छाडेका छैनन्। शुक्रवारबाट हलमा लागेका नेपाली फिल्मको ताँती हेर्ने हो भने निर्मातालाई लगानी डुब्ने डर देखिन्न। डर हुन्थ्यो भने तीन फिल्म एकसाथ प्रदर्शन हुँदैन थिए।

यो हप्ताका लागि शुक्रवारबाट तीन फिल्म 'कृष्ण लीला', 'माइकल अधिकारी' र 'प्रेमगञ्ज'ले प्रदर्शन थालनी गरेका छन्। अघिल्लो हप्ताका दुई ठूला बलिउड फिल्म 'लाल सिंह चढ्ढा' र 'रक्षा बन्धन' टाँट पल्टिएपछि यी तीन फिल्मलाई राहत त मिलेको छ तर, दर्शक बाँडिने पक्का छ। सिंगल थिएटर र मल्टीप्लेक्समा शोज पनि बाँडिएको छ। दर्शकहरु कुन फिल्म हेर्ने, अन्योलमा छन्।

तीनवटै फिल्मबाट फिल्म क्षेत्रले ठूलो आशा गरेको छ। किनभने, 'कबड्डी ४'पछि कुनै नेपाली फिल्मले दर्शक तान्न सकेका छैनन्। जसले गर्दा फिल्म क्षेत्रमा एकखालको नैराश्यता पैदा भएको छ। तीनवटै फिल्ममा नाम चलेका कलाकारहरुको अभिनय रहेकाले हलमा देखिएको शून्यतालाई तोड्न सक्ने विश्वास फिल्मकर्मीहरुमा छ। तर, भिडन्तको असर तीनै फिल्मलाई पर्नेमा दुईमत छैन।

दीपक वली निर्देशित 'कृष्ण लीला'मा पुष्प खड्का र श्रद्धा क्षेत्री मुख्य भूमिकामा छन्। फिल्मले अटिजम पीडित युवकको जीवनमा आउने उतार-चढावको कथा भन्छ। सेरोगेसीको कथामा बनेको रञ्जित रौनियार निर्देशित 'माइकल अधिकारी'मा भने सौगात मल्ल र सृष्टि श्रेष्ठको अभिनय छ। त्यस्तै, परिक्षेद सेनको निर्देशनमा बनेको 'प्रेमगञ्ज'मा बेनिशा हमाल र तेज गिरीको मुख्य भूमिका छ।

### भद्रपुरको ...

गिरीको नाममा निकासा गरेको छ।

**प्यारापिट निर्माणको रकम वेरुजु**

स्थानीय साझेदारी विकास कार्यक्रम तथा प्रदेश सशर्ततर्फबाट मेची रंगशालामा निर्माण गरिएको प्यारापिट र मेची अञ्चल अस्पताल कोभिड उपचार कक्ष निर्माण कार्यका लागि ठेक्कापट्टा नगरी उपभोक्ता समितिलाई कार्य गर्ने सम्झौता गरेपछि उक्त रकम बेरुजु देखिएको हो।

किरण शर्मा मेची रंगशाला प्यारापिट निर्माण उपभोक्ता समिति भद्रपुरले प्यारापिट निर्माणको काम सम्पन्न गरेको थियो। प्रदेशको सशर्त अनुदान कार्यक्रममा नगरले १७ लाख ५५ हजार ९ सय रुपैयाँ भुक्तानी गरेको थियो।

त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४मा सार्वजनिक निकायले निर्माण कार्य गर्नुअघि यस सम्बन्धी स्पेसिफिकेशन योजना नक्शा डिजाईन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने दफा ५ मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा १ करोड लागत अनुमान भएको निर्माणकार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्रही समुदायबाट गराउन सकिने ऐनले व्यवस्था गरेको छ।

तर यस पालिकाले प्यारापिट निर्माण कार्यको आर्थिक वर्ष २०७६।७७ मा ७१,९२,६९०।७८ को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई यस आर्थिक वर्षमा गत बर्षको वाँकी काम गराई रु. १०,१७,२५९।३० भुक्तानी गरेको छ। साथै आर्थिक वर्ष २०७७।०७८ मा ५९,९९,३३२।३९ को लागत अनुमान गरी हालसम्म रु. २८,०९,१७३।२७ को काम सम्पन्न गरी पेश्की, रु. १७,५५,९०० समेत रु. ४४,९६,५५६।८५ भुक्तानी गरिसकेको छ। तर, पालिकाले निर्माण कार्य गर्न तयार गर्नुपर्ने स्पेसिफिकेशन योजना नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्नेमा तयार नगरी एउटै काम टुक्रा पारी १ करोड भन्दा वढी लागत अनुमान भएको काम हालसम्म रु. १,३१,९२,०२३।१७ रकमको लागत अनुमान तयार गरी हालसम्म रु. १,१६,८९,२४७।६३ भुक्तानी गरेकोमा यस वर्षमात्र रु. ३८,२६,४३२।५७ भुक्तानी गरेको छ। यसरी स्पेसिफिकेशन योजना नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार नगरी काम टुक्रापारी उपभोक्ता समितिमार्फत गराएको काम अनियमित देखिएको महालेखाले जनाएको छ।

त्यस्तै मेची अस्पताल कोभिड आइसोलेसन भवन निर्माण उपभोक्ता समिति भद्रपुर-८ लाई स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि १५ लाख ८० हजार ४ सय ३३ रुपैयाँ प्रदान गरेको रकम वेरुजु देखिएको छ।

**करारमा कार्यसम्पादन**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को क्रियाकलाप ९.११ मा नमूना विद्यालयलाई कार्यसम्पादन प्रोत्साहन अनुदान दिँदा नमूना विद्यालयका प्रधानाध्याध्यापकसँग स्थानीय कार्यसम्पादन करार गरी अनुदान उपलब्ध गराउनुपर्ने, प्रधानाध्यापकले आफ्ना विद्यालयका माध्यमिक तहका कम्तीमा तीन जना शिक्षक सँग कार्यसम्पादन करार गर्ने र सोको प्रगति स्थानीय तह र केन्द्रमा पठाउने व्यवस्था छ।

तर, भद्रपुर नगरपालिकाले नमूना विद्यालय हिमाली माविलाई कार्यसम्पादन प्रोत्साहन अनुदान दिँदा प्रधानाध्यापकसँग शिक्षकसँग करार नगरी भुक्तानी दिएको छ। उक्त विद्यालयले शिक्षकसँग कार्यसम्पादन करार गरी नियमित गर्नुपर्नेमा सो नगरेको बताइएको छ। जसका कारण नगरले प्रदान गरेको १ लाख ६४ हजार रुपैयाँ वेरुजु देखिएको हो।

**दिवा खाजाको रकम पनि वेरुजु**

प्रतिविद्यार्थी १५ रुपैयाँका दरले संघीय सरकारले विद्यार्थीलाई खाजा खर्च उपलब्ध गराउँदै आएको छ। तर, भद्रपुर नगरपालिकामा विद्यार्थीको खाजा खर्चको रकम समेत बेरुजु देखिएको छ। खाजा खर्चका लागि रकम निकासा दिँदा दैनिक हाजिरी पुस्तिकाको आधारमा प्रमाणित गर्नुपर्ने हुन्छ। तर, सो नै नगरी नगरले एक लाख १३ हजार २० रुपैयाँ रकम भुक्तानी गरेको रकम वेरुजु देखिएको हो।

**विज्ञापन करको रकम वेरुजु**

प्रदेश १ को प्रदेश आर्थिक ऐन २०७७ को दफा ६ मा प्रदेशभित्र राखिने होर्डिङ बोर्ड, साइन वोर्ड, व्यानर, ट्राई भिजन वोर्ड, ग्लो वोर्ड, डिजिटल, डिजिटल वोर्ड, धातुका फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी प्रचारका लागि वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गरिने ,करको दर र कर संकलन प्रणाली सम्वन्धी नगरपालिका वा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुने , संकलित करको ४० प्रतिशत सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले विज्ञापन कर ठेक्का वापत रितिका मिडिया प्रालि ललितपुरलाई सम्झौता गरी ४ लाख ९६ हजार ५ सय विभाज्य कोषमा जम्मा नगरी धरौटी खातामा जम्मा गरेको छ। सो रकम वाँडफाँड गरी सञ्चित कोषमा दाखिला गर्नु पर्ने महालेखाले जनाएको छ।

**शवदाह गृह निर्माण गैह्रसरकारी संस्थामार्फत**

शवदाह गृह निर्माण र हनुमान मन्दिर शवगृह जाने बाटो स्तरोन्नतिको रकम समेत वेरुजु देखिएको छ। कार्य सार्वजनिक खरिद नियमावली २०६४को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य गर्न लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने हुन्छ। १० लाख रुपैयाँसम्म काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ। तर, भद्रपुर नगरपालिकाले यो वर्ष शवदाह गृह निर्माण र हनुमान मन्दिर शव गृह जाने बाटो स्तरोन्नति गर्न सामुदायिक प्रहरी सेवा केन्द्रसँग सम्झौता गरी ३२ लाख ७६ हजार २ सय १६ रुपैयाँ भुक्तानी गरेको वेरुजु देखिएको हो।

### खोलामा ...

गएको प्रहरी टोलीले शवलाई पोष्टमार्टमको लागि कटारी अस्पताल पठाएको छ। यता मोरङको पथरी शनिश्चरे नगरपालिका-२का बलबहादुर दर्जीका ८ बर्षीय छोरा अञ्जान दर्जी साथीहरुसंग गोही खोलामा पौडी खेल्ने क्रममा पानीमा डुवेको अवस्थामा स्थानीयले फेला पारी उपचारको लागि मोरङ अस्पताल पथरी लगेकोमा अस्पताल पुऱ्याउना साथ डाक्टरले मृत घोषणा गरेका थिए।

### करेन्ट ...

छ पुरुष र दुई बालक रहेका छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार करेन्टका ४० घटनामा तीन चौपायाको समेत मृत्यु भएको छ। घाइते हुनेमा १२ महिला, आठ पुरुष र छ बालक थिए।

ज्यान गुमाउनुको मुख्य कारण मानिसहरूको लापरवाही र विद्युत् प्राधिकरणको पनि लापरवाही हुने गरेको जिल्ला प्रहरी कार्यालयको निष्कर्ष छ। सावधानीपूर्वक बिजुलीको प्रयोग गर्न, बिग्रेका विद्युत् उपकरणको समयमै मर्मत गरेर उपयोग गर्न र गैरकानूनी तरिकाले बिजुलीको दुरूपयोग नगर्न सप्तरी प्रहरीले अपिल गरेको छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता/मुक्तक

## यो शहर



रविकिरण बान्तवा

रङ र कंक्रिटको भरमा
आफूलाई एशियन र बरजर पेन्टले रंगाएर
सिसाको आँखी झ्यालबाट
उज्यालो प्रकाशलाई
चार वालभित्र निम्ता दिइरहने
अजिव-अजिवको बाग्लो ओडारहरूको
संग्रह हो यो शहर ।

मन, भावना अनि करूणा
कतै बन्दकी राखेर
छिन-छिनमा नै पैसाले चलिरहने
सानो मन लिएर ठूला घरमा बस्ने
सभ्य र बिकसित भनौदाहरूको
फोहरैफोहर उत्पादन गर्ने
कारखाना हो यो शहर ।

सुविधा सम्पन्न
हस्पिटल होला
बिद्यालय होला
फराकिलो सडक होला
भनौ अनेक अनेक सुविधा होला
तर, शिकार गर्न पल्किएकाहरूको
सक्रिया बथानहरू डुली हिंडने
कंक्रिटहरूको जंगल हो यो शहर ।

शहरबासीहरूको शरीरभित्र
बग्नु पर्ने हो अदुवा र बागमती
तर, यिनीहरू
भौतिक रूपमा नै बगिदिए
र त बगाउँदैछ
रहरहरू
बाध्यता, विवशताहरू
उन्मुक्त बैंशमा फक्रेका यौवनका रसहरू
अबैध बाउका मृत शिशुहरू
अनि कण्डम, निकोन, पिल्सका खोलहरू
थुप्रै-थुप्रै शहरका फोहरहरू
आफैसित बगाइरहेछ
तर, मनभित्र फोहर बोकेर
साइमुन्द्री र इन्द्रजाल बिच्छाइ रहेको
शालिक जस्तै छ यो शहर ।

***बिर्तामोड, झापा***

## मृत्यु दण्डको सजाय

खै !
मृत्युदण्डको सजाय लेख्नलाई ॥

माइला !
तिम्रो कलमको मसी भरिरहन्छ
गाउँ-बस्तीका गीत लेख्नलाई
उसको कलमको मसी भरी रहन्छ
भ्रस्टाचार, परिवारवाद र डन पाल्नलाई ।

माइला !
तिम्रो कलमको निव भाँच्नु पर्दैन
झुपडीको गीत लेखी राख्नलाई
उसको कलमको नीव भाँच्नु पर्दैन
साँझ बिहान न्याय बेची दिनलाई ।

माइला !
तिम्रो कलमको मसी सकिँदैन
परदेशीको रोदन र आशु पुछिदिनलाई
उसका कलमको मसी सकिँदैन
स्वीस बैंको चेक हस्ताक्षर गर्नलाई ।

माइला !
तिम्रो कलम बन्द भएको हुँदैन
रगत, पसिना र आँशुको मोल लिनलाई
उसको कलम बन्द भएको हुँदैन
निमुखालाई मृत्युदण्डको सजाय लेख्नलाई ।

**– दुईगुणा शर्मा**
*बिर्तामोड-४, झापा*

## मुक्तक

मरे पनि तिम्रै तस्वीर प्यारो हुन्छ सानु
सम्झनाले तड्पिएर यो मन रून्छ सानू
कति कोशिस गरे मैले बिर्सिएर हिंड्न
पीडा लुकाई बस्छुभन्दा यो मन छुन्छ सानु !

**– कमलप्रसाद बाँस्कोटा (कमल)**
**कनकाई–८, झापा**

# भारतका नयाँ उप-राष्ट्रपति ‘जगदीप धनखड’



भुवन तामाङ



भारतको १४औं उप-राष्ट्रपतिको रुपमा जगदीप धनखड चुनिएका छन् । उनलाई राष्ट्रपति द्रौपदी मुर्मुले ११ अगष्ट २०२२ का दिन राष्ट्रपति भवनमा उप-राष्ट्रपति पदको सपथ गराएकी छन् । जगदीप धनखडको जन्म १८ मे १९५१ मा भारतको राजस्थान राज्यको झुन्झुनू जिल्लामा भएको थियो । एउटा सानो गाउँ किथानामा गोकल चन्द र केसरी देवीको घरमा हिन्दू जाट परिवारमा उनको जन्म भएको थियो । जगदीप धनखडको विवाह १९७९ मा डा. सुदेशसँग भएको थियो र उनीहरुका एक छोरी कामना छिन् ।

**शिक्षा :**

जगदीप धनखडले कक्षा १ देखि ५ सम्म गाउँकै सरकारीमा स्कूल पढे । छात्रवृत्ति पाएपछि चितौडगढको सैनिक स्कूलमा भर्ना भए । जयपुरको प्रतिष्ठित महाराजा कलेजमा बी.एस.सी. अनर्सको डिग्री हात पारे र राजस्थान विश्वविद्यालयबाट कानूनमा एल.एल.बी.को पढाई पूरा गरे । पढाइमा उनी जहिले डेडिकेटेड र अब्बल रहन्थे । पछि उनी एक वकिल र राजनीतिज्ञका रुपमा निचिए ।

**राजनीतिक यात्रा :**

राजनीतिज्ञको रुपमा उनी नेशनल डेमोक्र्याटिक एलायन्स (बिजेपी गठबन्धन) आबद्ध हुन् । उनले पाँच सय २८ इलेक्ट्रोरल भोट पाएर भारतको उप-राष्ट्रपति पदमा चुनिएका हुन् । उनको प्रतिस्पर्धी मार्गरिट अल्भाले एक सय ८२ इलेक्ट्रोरल भोट पाइन् । भारतमा उप-राष्ट्रपति निर्बाचन ६ अगस्ट २०२२ मा भएको हो ।

भारतको उप-राष्ट्रपति हुनु अघि जगदीप धनखड पश्चिम बंगालका गभर्नर, मेम्बर अफ द राजस्थान लेजिस्लेटिभ एसेम्ब्ली, मिनिस्टर अफ स्टेट फर एक्स्टर्नल एफायर अफ इन्डिया र लोक सभा सदस्य जस्ता गहन जिम्मेवारीवहन गरिसकेका छन् । उनी विगतमा जनता दल र कांग्रेस पार्टीको सदस्य रहेका थिए । उनी सन् १९८९ देखि १९९१ सम्म नवौं लोकसभामा राजस्थानको झुन्झुनू लोकसभा निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने जनता दलका सांसद थिए । उनी १९९१ मा कांग्रेसमा प्रवेश गरे ।

१९९१ मा सम्पन्न भारतीय आम चुनावमा अजमेर लोकसभा निर्वाचन क्षेत्रबाट हारे । उनी किशनगढ़, राजस्थानबाट १९९३ देखि ९८ को १०औं विधान सभा राजस्थानमा विधानसभा सदस्य (विधायक)को रूपमा निर्वाचित भए । उनले झुन्झुनू लोकसभा निर्वाचन क्षेत्रबाट १९९८ भारतीय आम चुनाव हारे र तेस्रो स्थानमा पाए । २००३ मा भाजपामा सामेल भए । २००८ को भाजपाको विधानसभा चुनाव प्रचार समितिका सदस्य रहे । २०१६ मा उनले बीजेपीको कानून र कानूनी मामिला विभागको प्रमुख जिम्मेवारी सम्हाले । जगदीप धनखडले राजस्थानका जाट समुदायलाई ओबिसी स्थिति ( मान्यता) प्रदान गराउन साथै अन्य पछाडि पारिएका वर्गहरुसँग सम्बन्धित मुद्दाहरुलाई सफलतापूर्वक अगाडि बढाएका थिए ।

**अन्य भूमिका :**

भारतको संविधानले उप-राष्ट्रपतिलाई दोहोरो भूमिका प्रदान गरेको छ । पहिलो भूमिकामा देशको कार्यपालिकाको दोस्रो मुखिया र दोस्रो भूमिकाको रुपमा संसदको उच्च सदन अर्थात् राज्यसभाको सभापतिको जिम्मेवारी सुम्पेको छ । संविधानले उप-राष्ट्रपतिलाई यी मुख्य जिम्मेवारी पनि प्रदान गरेको छ ।

यी बाहेक राष्ट्रपतिको पद खाली भएमा उप-राष्ट्रपतिले राष्ट्रपतिको भूमिका वहन गर्नुपर्ने हुन्छ । उप-राष्ट्रपति पद राष्ट्रपति पदभन्दा तल भएता पनि प्रधानमन्त्री पदभन्दा उच्च अर्थात् माथि रहन्छ । उप-राष्ट्रपति पनि विदेश भ्रमणमा जान सक्छन् । ताकि अन्य देशहरुसँग मजबुत कुटनीतिक सम्बन्ध स्थापित हुन सकोस् ।

**खेलाडी पनि :**

जगदीप धनखड कुनै समय राजस्थानको ओलम्पिक र टेनिस एशोसियसनका सभापति समेत रहेका थिए । स्कूले जीवनमा क्रिकेट खेल्दथे । त्यसरी उनी खेलकुदमा पनि रुची राख्थे । उनी अध्यात्ममा पनि रुची राख्दथे र ध्यान पनि गर्दथे । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ : मोदीले भनेका छन् कि, भारतका उप-राष्ट्रपति जगदीप धनखडमा भारतको संविधानको राम्रो ज्ञान छ र व्यबस्थापकीय विषयमा पनि उत्तिकै विज्ञ छन् ।

भारतको १४औं उप-राष्ट्रपति जगदीप धनखडको जीवनी र देशप्रतिको योगदानले भारतमा एउटा छुट्टै प्रेरणा प्रवाह गरेको छ । राम्रा काम गर्दै आए मानिसले जीवनमा एकदिन मनको उद्देश्य र काममा सफलता प्राप्त गर्दछन् भन्ने सन्देश फैलिएको छ । उनको संघर्ष, असल काम, समाज तथा देशप्रतिको योगदान र सफलताबाट नेपालका राजनीतिकर्मीहरुले धेरै कुरा प्रेरणा लिन सक्छन् । *(एजेन्सीको सहयोगमा)*



संस्कृति

# आज दधिकाद मनाइँदै



दिपेश राजवंशी



पूर्वी नेपालको झापा, मोरङ र सुनसरी लगायतका जिल्लाहरुमा बस्ने आदिवासी राजवंशी समुदायमा आज हर्षोल्लासको साथ दधिकाद मनाइँदैछ । भारत, बंगलादेश सँगै नेपालमा बस्ने हामी जो कोहीले पनि देखेको एउटा मौलिक पर्व हो- दधिकाद ।

कृष्ण जन्माष्टमीको भोलिपल्ट राजवंशी, ताजपुरिया, गनगाइ लगायतका समुदायभित्र दधिकाद उच्च आस्था र हर्षोल्लासका साथ मनाउने गरिन्छ । राजवंशी भाषामा ‘दधि’को अर्थ दही र ‘काद’को अर्थ हिलो हो । अतः दहीको हिलोमा खेल्ने खेललाई नै दधिकाद भनिन्छ । नयाँ वर्षको प्रारम्भ सिरुवाबाट गर्ने यो राजवंशी समुदाय हिउँदे बालीको रोपाइँ सकेर श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट दधिकाद हर्षोल्लासका साथ मनाउने गर्छन् ।

राजवंशी भाषाका इतिहासकार पानीलाल राजवंशीका अनुसार पौराणिक कालमा भगवान् कृष्णको जन्मको खुशियालीमा दहीसँग खेल्ने प्रतियोगिता गरिएको विश्वास रहेको र त्यही आध्यात्मिक विश्वासको कारण कालान्तरमा दधिकाद खेलको रुपमा परिणत भएको हो । परापूर्वकालदेखि नै राजवंशी समुदायको मुख्य पेशा खेतीपाती र पशुपालन हो । पूर्वी नेपालका भूमिपुत्र राजवंशी समुदायको चाडपर्वहरुमा सृष्टिको अमूल्य वरदान माटो-पानीसँगको सामिप्यता देख्न सकिन्छ ।

सनातन हिन्दू धार्मिक आस्थामा आधारित दधिकाद राजवंशी समुदायको एउटा मौलिक पर्व हो । यस पर्वले भगवानप्रतिको श्रद्धालाई उच्च राख्दै राजवंशी जातिको लोक-संस्कृतिलाई झल्काउँछ । भगवान श्रीकृष्णसँग दधिकाद आयोजन गर्ने भाकल गर्दा आफ्नो मनोकामना पूरा हुने जनविश्वास रहिआएको छ । वैमनश्यता, क्रोध, इर्ष्याको अन्त्य गर्दै सहिष्णुता, प्रेम र भाइचारालाई प्रोत्साहन गर्ने यो पर्वका पनि धेरै प्रकारहरु हुन्छन् । जस्तैः बाँस काद, कल काद, कुल्हा काद, दोद्लोङ काद आदि । दधिकादका विभिन्न प्रकारहरु मध्ये नयाँ पुस्ताबीच ‘बाँस काद’ बढि लोकप्रिय रहेको पाइन्छ ।

दधिकाद खेल्न खुल्ला ठाउँमा एउटा अग्लो बाँस गाडिन्छ । नरिवल, पान, सुपारी, पैसासँगै सुन-चाँदी जस्ता बहुमूल्य धातु एउटा रातो कपडामा बेरेर सोही बाँसको टुप्पामा झुड्याइन्छ । घीऊ र तेल दलेर चिप्लो पारिएको त्यस बाँसको टुप्पोमा घीऊ या तेल पनि राख्ने गरिन्छ । जसले गर्दा त्यो बाँस जति हल्लिन्छ त्यति नै माथि राखिएको घीऊ र तेल बाँसको तल बग्ने भएकाले बाँस चिप्लो बनिरहन्छ । सिधा ठड्याइएको बाँसको तल भने रातो माटोको हिलो तयार गरिन्छ । परापूर्वकालमा यो हिलो दहीको हुने गरेको भए पनि अहिले भने माटोको नै हिलो बनाइन्छ र जसमा प्रतिकात्मक रुपमा केही दही हाल्ने गरिन्छ । यसरी तयार भएको दधिकाद र चिप्लो बाँसको टुप्पोमा राखिएको प्रसाद र पुरस्कार जित्न खेलाडीहरु बीच कडा प्रतिस्पर्धा हुने गर्दछ ।

शरीरको सन्तुलन नै कायम गर्न कठिन हुने हिलो र चिप्लो बाँसको टुप्पोसम्म उक्लेर प्रसाद र पुरस्कार हात पर्नु एकदमै कठिन हुने गर्दछ । खेलाडीहरुले एकअर्कालाई उछिन्दै हिलोमा लडिबडी गर्दा एकदमै रमाइलो दृश्य देख्न सकिन्छ । भगवान कृष्णको श्रद्धा तथा खेलाडीहरुलाई हौसला प्रदान गर्न बजाइने राजवंशी समुदायको लोक बाजागाजाले दधिकादको रौनकता अझ बढ्ने गरेको पाइन्छ । धेरै मेहनत र संघर्षपछि बाँसको टुप्पोमा राखिएको प्रसाद र पुरस्कार हात पार्ने व्यक्तिले पुनः त्यस प्रसाद र पुरस्कारलाई घरको ठाकुरबारीमा (कुलदेवता) चढाउने गर्दछन् । उक्त व्यक्तिलाई बिजेता स्वरुप इनाम दिइन्छ । विषेशगरी पुरुष सहभागी हुने यस खेलमा सबै उमेर समूहका मानिसहरु उत्साहपूर्वक सरिक हुने गर्दछन् ।

विगतमा भगवान कृष्णको जन्मको खुशियालीमा गाउँ-गाउँमा मनाइने दधिकाद पछिल्ला दिनहरुमा यस पर्व लोप हुँदै गइरहेको बताउनुहुन्छ राजवंशी भाषा संस्कृति एवम् इतिहासका जानकार फुलसिंह राजवंशी । उहाँका अनुसार छुट्टै मौलिक, सांस्कृतिक पहिचान बोकेको दधिकादको महत्व धेरै भएता पनि नयाँ पुस्तामा पश्चिमी र अन्य संस्कृति प्रतिको बढ्दो मोहले गर्दा दधिकाद दिनानुदिन ओझेल पर्दै गएको छ । विगतमा हरेक गाउँ-गाउँमा सामुहिक रुपमा आयोजन गरिने दधिकाध पछिल्लो समय कसैले आफूले गरेको भाकल पूरा गर्न त कतै राजवंशी समुदायका सचेत युवाहरु आफ्नो संस्कृति जोगाइ राख्न सामुहिक रुपमा दधिकाद आयोजना गर्ने गर्दछन् ।

राजवंशी समुदायका सामाजिक व्यक्तित्व तथा राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष अभय राजवंशीका अनुसार देशका विभिन्न भागमा बोलिने भाषा, लोक भेषभुषा, चाडपर्व, कला, संस्कृतिहरु देशको अमूल्य गहना हुन् । वास्तवमै राजवंशी समुदाय लोक संस्कार, संस्कृतिले सम्पन्न जाति हो । तर, यसमा आवश्यक अध्ययन अनुसन्धानको कमी र राज्यको तर्फबाट पनि यस्ता लोक चाडपर्वको संरक्षण र प्रवर्द्धनको लागि ठोस कदमको अभावमा लोप हुने अवस्थामा पुगिरहेको छ ।

अहिलेको युवा पुस्ताले आफ्नो बल र विवेकले दधिकाद जस्तो मौलिक पर्वहरुको संरक्षणको निमित्त केही कार्यक्रमहरु गर्ने गरेको भएता पनि त्यो पर्याप्त नभएको उहाँको बुझाइ छ । विभिन्न जातजातिको यस्तो ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु राज्यको दायित्व हो । सरकारले भाषा, कला संस्कृतिको जगेर्ना गर्ने ठोस कार्यक्रम ल्याए त्यसको सहजताको लागि राजवंशी समुदायमा सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका प्रशस्त युवाहरु रहेको बताउनुभयो ।

धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, आपसी भाइचाराको भवानालाई प्रोत्साहन गर्ने दधिकाद नेपालको सांस्कृतिक विविधतालाई कायम राख्ने एउटा महत्वपूर्ण पर्व हो । विविधताको पावन भूमि नेपालमा दधिकाद जस्ता मौलिक लोकपर्वलाई संरक्षण र प्रवर्द्धन हामी सबैले गर्न जरुरी छ ।

# तीन वर्षदेखि स्थगित 'खुदुनाबारी गोल्डकप' असोज ७ बाट




**अर्जुनधारा, भदौ २।** कोभिड-१९ का कारण विगत तीन वर्षदेखि स्थगित भएको 'खुदुनाबारी गोल्डकप' यस वर्ष हुने भएको छ ।

२०७४ बाट शुरु भएको उक्त गोल्डकपको तेस्रो संस्करण विजया दशमीको अवसरमा आगामी असोज ७ गतेदेखि तेस्रो खुदुनाबारी गोल्डकप महिला फुटबल प्रतियोगिता-२०७९ हुने शुक्रबार आयोजित पत्रकार भेटघाटमा बताइएको छ ।

अर्जुनधारा-३ स्थित च्यारिटी युथ क्लवसँगै जुनतारा महिला फुटबल क्लवको संयुक्त आयोजनामा हुने उक्त गोल्डकपमा पहिलोपटक महिला फुटबल खेलाडीहरुको सहभागितामा प्रतियोगिता हुन लागेको प्रतियोगिता मूल आयोजक समारोह समितिकी अध्यक्ष हीमा मगरले जानकारी दिइन् ।

महिला फुटबल खेलाडीहरुको उत्पादन र उनीहरुको प्रवर्द्धन गर्ने उद्देश्यले उक्त प्रतियोगिता आयोजना गर्न लागिएको उनले बताइन् । स्थानीय कैदले पर्यापर्यटन केन्द्रको प्राकृतिक खेलमैदानमा सञ्चालन हुने प्रतियोगितामा आयोजकसँगै इलाम, उदयपुर, ताप्लेजुङ, धनकुटा, पाँचथर, मोरङ र सुनसरी जिल्लाका महिला फुटबल क्लवको सहभागिता रहने च्यारिटी युथ क्लबका अध्यक्ष एवम् समितिका सचिव लीलाबल्लभ खतिवडाले जानकारी दिए ।

उनका अनुसार प्रतियोगितामा विजेता र उपविजेता हुने टिमले नगद पुरस्कार क्रमशः एक लाख एक हजार एक सय ११ रुपैयाँ र ५५ हजार पाँच सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

प्रतियोगिता सम्पन्न गर्न संयोजक मगरको अध्यक्षतामा एक सय एक सदस्यीय मूल आयोजक समारोह समिति गठन गरिएको छ । त्यसैगरी आर्थिक संयोजकमा लीलाबल्लभ खतिवडा, प्रचार-प्रसार एवम् सांस्कृतिक संयोजकमा साजन तामाङ, खेल संयोजकमा याम खवास, व्यवस्थापन संयोजकमा सूर्य इम्बुङ, अतिथि सत्कार संयोजकमा तेजमाया राई 'पार्वता', स्वयंसेवक परिचालन संयोजकमा सन्ध्या रिजाल, अनुगमन संयोजकमा शुक्रराज दुलाल 'दीपक', लेखा संयोजकमा कञ्चन काफ्ले र सल्लाहकार संयोजकमा ढुण्डीराज गौतम रहेका छन् ।

अनुमानित लागत १४ लाख ५६ हजार छ सय ६६ रुपैयाँ लाग्ने खर्चको स्रोत अर्जुनधारा नगरपालिका, अर्जुनधारा-३ वडा समितिको कार्यालय, प्रायोजक, सहप्रायोजक, विभिन्न संघ-संस्था र सहयोगी दाताहरुबाट जुटाउने आयोजकको लक्ष्य रहेको छ ।

समितिकी अध्यक्ष मगरको अध्यक्षतामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा-३ वडा समितिका वडाध्यक्ष सीताराम भट्टराई, नगर कार्यपालिका सदस्य चन्द्रमाया तामाङ, जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहका पर्यटन उपाध्यक्ष दीपक दुलाल, खेल एवम् कार्यक्रम संयोजक याम खवास लगायतले प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न प्रतिबद्धता व्यक्त गरेका थिए ।

उक्त कार्यक्रमको सञ्चालन समितिका सचिव खतिवडाले गरेका थिए ।

# सीसी क्यामेरा बिग्रिँदा चोरीका घटना वृद्धि

**झापा, भदौ ३।** उदयपुर सदरमुकाम गाईघाट बजारको मुख्य चोक तथा बोक्से क्षेत्रमा जडान गरिएका सीसी क्यामेरा बिग्रिएपछि समस्या भएको छ ।

चोक क्षेत्रमा छ वर्षअघि जडान गरिएका सीसी क्यामेराले काम गर्न छाडेपछि अहिले गाईघाट बजार क्षेत्रमा आपराधिक घटना बढ्दै गएको पाइएको छ । जिल्ला प्रहरी कार्यालयको सक्रियतामा त्रियुगा नगरपालिकाको लगानीमा गाईघाट बजार क्षेत्रका मुख्य चोक बोक्से र गाईघाटमा जडान गरिएका सीसी क्यामेराले काम गर्न छाडेपछि आपराधिक घटना ह्वात्तै बढेको त्रियुगा उद्योग वाणिज्य सङ्घका अध्यक्ष रमेश विश्वकर्मा बताउँछन् । सबैभन्दा बढी मारमा गाईघाट बजार क्षेत्रका व्यापारी छन् ।

सीसी क्यामेरा जडानपछि एक-दुई वर्षसम्म रातिको समयमा गाईघाट बजार क्षेत्र सुरक्षित नै बन्न पुगेको त्रियुगा उद्योण वाणिज्य सङ्घका सदस्य कुमार घिमिरे बताउँछन् । सीसी क्यामेराबाट सबै कुरा देखिने हुनाले अपराधी पक्राउ गर्न प्रहरीलाई सहज भएको थियो । अहिले सीसी क्यामेरा बिग्रेकाले काम गर्न छाडेपछि बजार क्षेत्रका पसल चोरी हुने, कुटपिट लगायतका घटना बढेको वाणिज्य सङ्घका संस्थापक अध्यक्ष रत्न श्रेष्ठले बताए । बजार क्षेत्रमा जडान गरिएका सीसी क्यामेरा दुई वर्षदेखि बिग्रिएर मर्मत नभएपछि गाइघाट बजारमा पसल फुटाउने, चोरी हुने घटना दैनिकजसो हुने गरेको भए पनि प्रहरीले पनि पत्ता लगाउन नसकेको पसल सञ्चालक चन्दन साहले बताए ।

जिल्ला प्रहरी कार्यालयका अनुसार प्रहरी र त्रियुगा नगरपालिकाको सक्रियतामा गाईघाट बजारको मुख्य चोक र बोक्से क्षेत्रका चोकमा सीसी क्यामेरा जडान गरी जिल्ला प्रहरीको कन्ट्रोल कक्षमा सीसी क्यामेरा कनेक्सन गरेपछि केही समयअघि यता आएर आपराधिक घटनामा कमी आएको हो । अहिले बजार क्षेत्रमा जडान गरिएका अधिकांश सीसी क्यामेरा मर्मत गर्नुपर्ने वा फेर्नुपर्ने अवस्था रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख ज्ञानेन्द्र फुयाल बताए ।

# अपाङ्गता सम्बन्धी अभिमुखीकरण




**पथरीशनिश्चरे, भदौ ३।** मोरङको पथरीशनिश्चरे नगरस्थित अपाङ्गता समन्वय समितिको प्रावधान सम्बन्धी छलफल तथा अभिमुखीकरण कार्यक्रम भएको छ ।

युएसएआइडीको सहयोगमा अपाङ्ग महिला संघ मोरङको प्रस्तुतिमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो । संघकी जिल्ला अध्यक्ष मीना आचार्यले अधिकारका लागि अभियान, प्रभावकारी नीति निर्माणका लागि अपाङ्गता भएकाहरूको सशक्तिकरणका लागि पालिकाको भूमिका महत्वपूर्ण रहने बताइन् ।

नवनिर्वाचित जनप्रतिनिधिहरुको कार्यकालसँगै नयाँ समन्वय समिति गठन सम्बन्धी प्रावधानका बारेमा पनि छलफल भएको थियो । नगर प्रमुख मोहनप्रसाद तुम्बापो, उपप्रमुख देवीमाया काफ्ले, प्रमुख प्रसाशकीय अधिकृत लक्ष्मीप्रसाद खरेल लगायतले अपाङ्गता भएकाहरूको सशक्तिकरणका लागि ध्यान दिने बताएका थिए ।

कार्यक्रममा अपाङ्गता सम्बन्धी विभिन्न कार्यक्रमलाई नगरपालिकाले प्राथमिकताका साथ सञ्चालन गर्ने बताइएको छ ।

# तीन महिनापछि सुकेटार विमानस्थलमा उडान

**ताप्लेजुङ, भदौ ३।** प्रतिकूल मौसमका कारणले अवरुद्ध रहेको ताप्लेजुङको सुकेटार विमानस्थलमा तीन महिनापछि उडान भएको छ ।

नेपाल एयरलाइन्सले उडान शुक्रबार भरेको हो । जहाजले काठमाडौँबाट सात यात्रु लिएर आएको र ताप्लेजुङबाट पाँच यात्रु लिएर काठमाडौँ फर्केको नेपाल वायुसेवा निगम ताप्लेजुङ कार्यालय प्रमुख लोकेन्द्र लिम्बूले जानकारी दिए ।

उनका अनुसार अब तालिका अनुसार सातामा सोमबार, बुधबार र शुक्रबार उडान हुनेछ । यात्रुको चापलाई मध्यनजर गर्दै केही समयपछि शनिबार पनि उडान थप्ने तयारी भइरहेको कार्यालयले जनाएको छ ।


## श्री भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर झापाबाट जारी भएको रोक्का रहेको जग्गा फुकुवा माग सम्बन्धमा हकदावी सम्बन्धी ३० दिने सार्वजनिक सूचना

उप्रान्त जिल्ला झापा साविक पथरिया गाविस वडा नं. ५ भई हाल कचनकवल गाउँपालिका वडा नम्बर ३ भई बस्ने कोलोनी राजवंशीले निजकी आमा स्व. सुको राजवंशीका नाममा दर्ता कायम रहेको जिल्ला झापा साविक पथरिया-५ को कि.नं. ७८७ को ज.वि. ०-८-० जग्गा तत्कालिन भूमिसुधार कार्यालय झापाको च.नं. ४७५ मिति २०५६/०५/०३ को पत्रले रोक्का रहेकोमा उक्त जग्गा फूकुवा गरिपाउँ भन्ने व्यहोराको निवेदन दिएको हुनाले उक्त जग्गा लेनदेन, मुद्दामामिला वा अन्य कुनै कारणले कसैले रोक्का राखेको भएमा यो सूचना जारी भएको मितिले बाटाका म्याद बाहेक ३० (तीस) दिनभित्र आफ्नो लिखत/प्रमाण समेत लिई कार्यालयमा निवेदन दिनुहोला । आवश्यक लिखत/प्रमाण संलग्न राखी निवेदन दिनु भएन भने निवेदकको माग निवेदन बमोजिम जग्गा फुकुवा हुनेछ । पछि कसैको कुनै उजुर लाग्ने छैन ।

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्कः
9808705206
9863983668
9807930740
9827930240




## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| चेतनलाल राजवंशी | पथरिया-७ | ५३ | २१३०.०० | मेघलाल/पानीया माझी |
| जनकबहादुर खड्का | शिवगञ्ज-३ | २०४५ | ०-६-० | बुद्धिलाल ताजपुरिया |
| नविन जोशी | पराखोपी-२ | ११७२ | ०-२-५ | रामप्रसाद लिम्बू |
| | | ११७६ | ०-१-१७ | रामप्रसाद लिम्बू |
| नविन जोशी | पराखोपी-२ | ११८१ | ०-०-१६ | धनबहादुर तामाङ्ग |
| धनकुमारी विश्वकर्मा | शनिश्चरे-९ | ९९२० | ०-१-० | शेरबहादुर राई |
| चन्द्रकला थापा | राजगढी-४ | ८०८ | १६४५.०० | जङ्गलाल राजवंशी/सानो कचालु राजवंशी |
| | | ८०० | १८८५.०० | जङ्गलाल राजवंशी/सानो कचालु राजवंशी |

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मझप गुरुङको नातिनी, तीर्थराज गुरुङको छोरी १ नं. प्रदेश इलाम जिल्ला सन्दकपुर गाउँपालिका वडा नं. ०५ बस्ने कुमारी गुरुङले यस इलाम शाखामा खाता नं. २१११५२४१७०००५६ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७९/०२/३० मा निज खातावाला कुमारी गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको दिदी नाता पर्ने जानकी गुरुङले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक कुमारी गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

विरदल राईको नाति, रुपा सिंह राईको छोरा १ नं. प्रदेश इलाम जिल्ला देउमाई नगरपालिका वडा नं. ०८ बस्ने असबहादुर राई भनिने आसबहादुर राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३००३१५ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७८.०५.०५ मा निज खातावाला आसबहादुर राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने मोतीमाया राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक आसबहादुर राइको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

## सीपमूलक शिक्षा आजको आवश्यकता

CTEVT बाट सम्बन्धन प्राप्त यस मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड न.पा.-२ चारपाने झापामा शैक्षिक सत्र २०७९/८० मा प्राविधिक विषयतर्फ Diploma In Civil Engineering र Diploma in Civil Engineering [Specialized in Hydropower] मा भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**हाम्रा विषेशताहरु**
- पूर्ण निःशुल्क छात्रवृत्ति प्रति कार्यक्रम- ५ जना (प्राविधिक विषयतर्फ)
- अत्यन्त न्यून शुल्कमा अनुभवी शिक्षकद्वारा गुणस्तरीय शिक्षा प्रदान गरिने ।
- व्यवस्थित तथा सुविधासम्पन्न प्रयोगशाला रहेको ।
- पूर्ण व्यवस्थित पर्याप्त पाठ्यपुस्तकसहितको पुस्तकालय रहेको ।
- विगतका वर्षहरुमा उत्कृष्ट नजिता ल्याउन सफल ।
- विद्यार्थी केन्द्रित शिक्षण सिकाई गराइने ।
- पूर्वपश्चिम राजमार्गसँगै जोडिएको ।

प्राविधिक विषयतर्फ आवेदन फारम खुल्ला भएकोले धमाधम फारम भर्ने कार्य भइरहेको छ ।

**फारम पाइने र बुझाउने स्थान :-** CTEVT को वेभसाईट WWW.CTEVT.ORG.NP बाट डाउनलोड गरी वा विद्यालयबाट लिइ रीतपूर्वक भरी विद्यालयमा बुझाउनुपर्नेछ ।

**फारम वितरण धमाधम भइरहेको छ ।**


**फारम बुझाउने अन्तिम मिति :- २०७९ भाद्र ०९ गतेसम्म**

**प्रवेश परीक्षा** (Entrance exam)**: २०७९ भाद्र १७ गते ३:०० बजेदेखि**

**सञ्चालित कार्यक्रमहरु**

Diploma In Civil Engineering - ४८ सिट
Diploma in Civil Engineering [Specialized in Hydropower] - ४८ सिट

थप जानकारीका लागि
**मोहनमाया माध्यमिक विद्यालय,** बिर्तामोड-२, चारपाने
०२३-५४३६५२ (कार्यालय), ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८२४०२९६२८

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, बेलुकीपख शुभ खबर सुन्न पाइने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको आजको दिन उत्तम सिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, काम नबिनाले मन खिन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
तपाईको आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यमा पनि विशेष ध्यान दिनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथिी विजय प्राप्त हुनेछ । शुभ खबर सुन्न पाइने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बोलिमा विचार पुऱ्याउनु होला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्ने छ, छोटो दुरीको यात्रा हुनेछ, आजको दिन मन हर्षित रहला ।